# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बोगटान फुड्सिल गाउँपालिका
### डोटी





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## बोगटान फुड्सिल गाउँपालिका
## डोटी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बोगटान फुड्सिल गाउँपालिका

## डोटी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५३३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बोगटान फुडसिल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोटी।

**कैफियत सहितको राय**

हामीले **बोगटान फुडसिल गाउँपालिकाको** आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड २६ लाख ५६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ६५ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६९ लाख १० हजार, नियमित गर्नुपर्ने रू.२८ लाख २० हजार र पेश्की बाँकी रु. ६३ लाख ६९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.६ करोड ९६ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू.१२ करोड २२ लाख ८८ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बोगटान फुडसिल गाउँपालिका, डोटी

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १६ | ३६ | ५२६५६ | ० | ० | ० | १६ | ३६ | ५२६५६ | १६५५७ | २८२० | २६९१० | ० | ० | २९७३० | ६३६९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| बोगटान फुडसिल गाउँपालिका, डोटी | ६९६३२ | ० | ० | ६९६३२ | ० | ५२६५६ | १२२२८८ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बोगटान फुड्सिल गाउँपालिका, डोटी , बोगटान फुड्सिल गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | bharat Bahadur Chand | २०७८-९-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Min Bahadur Chand | २०७८-९-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५२,६५६,३८३.७४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,३६,०८,४८३.०२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,०३,७५,००० | **चालु खर्च** | २४,२८,४२,१२६.९४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९७,१६,००० | **पूँजीगत खर्च** | १३,३३,७७,४४६.२७ |
| **राजश्व बाँडफाँट** | ७,५७,८०,०७३.६९ | **वित्तीय/अन्य व्यवस्था** | १०,९५,७३,३६१.५५ |
| **आन्तरिक आय** | २४,१८,६४९ | | |
| **अन्य आय** | ८,२५,३१,२९०.९८ | | |
| **कुल आय** | ५०,०८,२१,०१३.६७ | **कुल खर्च** | ४८,५७,९२,९३४.७६ |
| **बाँकी मौज्दात** | | ३,८६,३६,५६१.८१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षणः<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।६।१२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु वोगटान फुडसिल गाउंपालिकको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ३००.२२ वर्ग किलोमिटर क्षेत्रफल तथा १७९०६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>एकीकृत आर्थिक विवरण
<table>
<tr><td rowspan="2">सि.न</td><td colspan="3">आयतर्फ</td><td rowspan="2">सि.न</td><td colspan="3">व्ययतर्फ</td></tr>
<tr><td>विवरण</td><td>रकम</td><td>रकम</td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td rowspan="3">२३६०८४८३.०२</td><td>१</td><td>चालु खर्च</td><td>२४२८४२१२६.९४</td><td>२४२८४२१२६.९४</td></tr>
<tr><td></td><td>नगद</td><td></td><td>२</td><td>पुँजिगत खर्च</td><td>१३३३७७४४६.२७</td><td>१३३३७७४४६.२७</td></tr>
<tr><td></td><td>बैङ्क</td><td>२३६०८४८३।०२</td><td>३</td><td>बित्तीय व्यवस्था भुक्तानी</td><td>०</td><td>०</td></tr>
<tr><td>२</td><td>राजश्व तर्फ</td><td></td><td></td><td>४</td><td>ऋण भुक्तानी</td><td>०</td><td>०</td></tr>
<tr><td>क)</td><td>आन्तरिक राजश्व</td><td>२४१८६४९.</td><td>२४१८६४९.००</td><td>५</td><td>ब्याज भुक्तानी</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | संघिय सरकार प्राप्त राजस्व | ७३५५४४२८।७१ | ७३५५४४२८.७ | ६ | प्रकोप व्यवस्थापन खातावाट खर्च | १२६००२७. | १२६००२७.०० |
| ग) | प्रदेश सरकार प्राप्त राजस्व | २२२५६४४।९८ | २२२५६४४.९८ | ७ | विविध खर्च खातावाट खर्च | ३५५५००. | ३५५५००.०० |
| घ) | अन्य आय | ० | | ८ | धरौटी फिर्ता | २६०५३८९.४ | २६०५३८९.४ |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ३२०३७५०००.०० | ९ | शसर्त अनुदान फिर्ता | ३४६०४६६९.९ | ३४६०४६६९.९ |
| क) | वित्तीय समानिकरण अनुदान | ८४१०००००.०० | | १० | सामाजिक सुरक्षा खर्च | ६१८०४२६५. | ६१८०४२६५.०० |
| ख) | शसर्त अनुदान | २२९५७५०००.०० | | ११ | एकिकृत स्वास्थय पुर्वाधार खर्च | ८४९७६४२.२५ | ८४९७६४२.२५ |
| ग) | समपुरक अनुदान | ४२०००००.०० | | १२ | गरिवसंग विश्वेर कार्यक्रम | ४४५८६८. | ४४५८६८.०० |
| घ) | विशेष अनुदान | २५०००००.०० | | १३ | मौज्दात | | ३८६३६५६१.८१ |
| ४ | प्रदेश सरकारवाट प्राप्त अनुदान | | १९७१६०००.०० | १४ | बैङ्क मौज्दात संचित कोष खाता | ३१०७३९६२.५ | |
| क) | वित्तीय समानिकरण अनुदान | ५७०१०००.०० | | १५ | विविध खर्च खाताको मौज्दात | ३२४४७.५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ख)</td><td>शसर्त अनुदान</td><td>९०१५०००.००</td><td></td><td>१६</td><td>धरौटी खाताको मौज्दात</td><td>३८२८४४५.५५</td><td></td></tr>
<tr><td>ग)</td><td>विशेष अनुदान</td><td>५००००००.००</td><td></td><td>१७</td><td>प्रकोप व्यवस्थापन खाताको मौज्दात</td><td>३७०१७०६.२६</td><td></td></tr>
<tr><td>घ)</td><td>अन्य अनुदान</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>अन्तरस्थानीय तहबाट प्राप्त</td><td>०</td><td>०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td>अन्य विविध</td><td>०</td><td>०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td>स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>४९६१७३३.२६</td><td>४९६१७३३.२६</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>विविध खर्च खाता</td><td>३८७९४७.५</td><td>३८७९४७.५</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>धरौटी खाता</td><td>६४,३३,८३४.९७</td><td>६४३३८३४.९७</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td></td><td>६१८०४२६५.००</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>एकिकृत स्वास्थय पुर्वाधार विकास कार्यक्रम</td><td></td><td>८४९७६४२.२५</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>गरिवसंग विश्वेर कार्यक्रम</td><td></td><td>४४५८६८.००</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५२४४२९४९६.५७</td><td></td><td></td><td></td><td>५२४४२९४९६.५७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>चौमासिक खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक वर्ष 207८/7९ को बजेट कार्यक्रम एवं आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, 2077 मा पूँजीगत खर्चको ४० प्रतिशत भन्दा वढी अन्तीम चौमासिकको अन्तीम महिनामा खर्च गर्न नपाईने र आषाढमा मात्र २० प्रतिशत भन्दा वढी खर्च गर्न नपाईने ब्यवस्था छ ।<br>
<table>
<tr><td>कूल</td><td>प्रथम</td><td>दोश्रो</td><td>तेश्रो</td><td>आषाढ</td></tr>
<tr><td>१३३३७७४४६.२७</td><td>७२०००</td><td>३४८८१९२२.९८</td><td>९६३४८०००</td><td>७२९४८४३६.२२</td></tr>
<tr><td>१००</td><td>०.५४</td><td>२६.१५</td><td>७२.३४</td><td>५४.६९</td></tr>
</table>
उपरोक्त अनुसार कूल पूँजीगत खर्च मध्ये प्रथम चौमासिकमा ० .५४ प्रतिशत,दोश्रो चौमासिकमा २६.१५प्रतिशत,तेश्रो चौमासिकमा ७२.३४ प्रतिशत र आषाढ महिनामा मात्र ५४.६९ प्रतिशत खर्च भएको छ। करिव कूल पूँजीगत खर्च मध्ये आधाभन्दा वढी वजेट खर्च आषाढ महिनामा भएकोले सन्तुलित वजेट कार्यान्वयन हुन सकेको देखिएन। अतः चौमासिक स्वीकृत कार्यक्रमले तोके अनुसार कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तिय विवरणः<br>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>(क)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br><br>(ख)स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ३१६२८९९२.९८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२३६०८४८३.०२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ८०२०५०९.९६ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु</td><td>८,०२०,५०९.९६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६ | | | **वजेट तथा कार्यक्रम तर्जुमाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रणः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।¬<br><br>स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।<br>¬ गाउँपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>¬ कार्यालयको श्रेस्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>¬ राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>¬ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ¬स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br><br>गाउँपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।<br>¬ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>¬ गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो ।<br>¬ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>¬ जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>¬ मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन । साथै भुक्तानीमा ETDS गरेको छैन ।<br>¬ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)मा उल्लेख भएवमोजिम उपभोक्ता समितिसंगको खरिद सम्झौतामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विवरणहरु समेत उल्लेख नभई तोकिएवमोजिम खरिद सम्झौता भएको पाईएन।<br>¬ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>¬ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>¬ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>¬ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>¬ गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>¬ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ¬ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>¬ संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>¬ गाउँपालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फवाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>¬ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>¬ वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>¬ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>¬ गाउँपालिकाले कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>¬ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **कार्यक्रम संशोधन एवं रकमान्तरः**<br>स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७९ मा गाउसभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रमको आधारमा बजेट सीमा भित्र रही कुनै एक रकम शिर्षक नं.बाट पूजिगत रकम शिर्षक तर्फ बढीमा २५ प्रतिशत भन्दा बढी रकम कार्यक्रम संशोधन गरी रकमान्तर गर्न नसकिने, नीतिगत व्यवस्था भए बमोजिम पालिकाले नीति तथा कार्यक्रममा पारीत भएका कार्यक्रमहरु कार्यपालिकाको पटके बैंकबाट वर्षान्तमा आएर ६६ वटा कार्यक्रमको रु.२ करोड २९ लाख ४८ हजार बजेट ८७ वटा टुक्रे कार्यक्रममा संशोधन रकमान्तर गरेको छ । अन्य भत्ता, प्रचार प्रसार, कोरोना कोष, जेष्ठ नागरिक सम्मान सञ्चार महशुल, भैपरी आउने चालु खर्च, करार कर्मचारीको तलब, नाफा मूलक फर्म लाई संञ्चालन अनुदान, अनुगमन तथा कार्यालय संञ्चालन जस्ता चालु प्रकृतिका क्रियाकलापमा करीब ८३ लाख बजेट थप गरी खर्च गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिन्छ। अतः बजेट तथा कार्यक्रम सभाबाट पारीत गर्नु पूर्व योजनाको विस्तृत सर्भे, प्राथमिकिकरण गरेर योजना तथा कार्यक्रम स्वीकृत गर्ने तर्फ विषेश ध्यान दिनु पर्दछ । | |
| ९ | | | **पोषण विषेश कार्यक्रम :-**<br>भौ.नं.367, 2079/3/25, श्री मतर बहादुर साउँदले सुनौला 1000 दिनको कार्यक्रम गरेको भनी वार्ड नं.४ का 110 जना तथा वार्ड नं.६ का 75 जना समेत 185 जना सुत्केरी महिलालाई प्रति सुत्केरी 5 वटा (३ पोथी २ भाले) कुखुरा दरले 925 वटा दाना 600 केजी उक्त कुखुराको लागी आवश्यक दाना लगायतका रु.1664250।– वरावरको सामाग्री वितरण गरेको देखियो । पोषण विषेश कार्यक्रम कार्यान्वयन निर्देशीका अनुसार गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको सिफारीसमा कोभिड 19 को महामारीका कारण संकटापन्न विपन्न सुनौला 1000 दिने सुत्केरी महिलाहरुलाई स्वास्थ्य संस्थाको सुत्केरी भएको स्वास्थ्य प्रेष्कृप्सनका आधारमा कुखुरा वितरण गर्नु पर्नेमा समितीको सिफारीस वेगर प्रति कुखुरा रु.285।– दरले 230 वटा कुखुराको 65550।– दाना 2 केजी प्रति परीवार 452 केजी को 90 का दरमा रु.40680।– समेत 106230।– बरावरको मात्र कुखुरा तथा दाना वितरण गरेको देखियो । विल भरपाई वेगर वितरण गरे भन्दा बढी कुखुरा 695 वटा को 285।– दरले रु.198075।– दाना 148 केजी को 90 का दरले 12320।– समेत रु.211395।– असूल फर्छ्यौट हुनु पर्ने रु. | २११,३९५ |
| १० | | | **क्षेत्रगत बजेट र खर्चः**<br>स्थानीय तहको दिगो विकासकव प्राप्तीका लागी एकिकृत एवं क्षेत्रगत रुपमा आवश्यकता आधारमा प्राथमिकीकरण सहित बजेट विनियोजन गरी खर्च गर्नु पर्ने नितीगत व्यवस्था अनुसार गाउँपालिकाको २०७८।७९ को स्वीकृत क्षेत्रगत बजेट खर्चको विवरण देहाय अनुसार रहेको छ । | |

| सि.नं. | क्षेत्रगत कार्यक्रम | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 51679 | 42872 | 82.96 |
| २ | सामाजिक विकास | 231452 | 197758 | 85.44 |
| ३ | पूर्वाधार विकास | 54227 | 46435 | 85.63 |
| ४ | शुसासन तथा अन्तर सम्बन्धीत क्षेत्र | 10044 | 67761 | 67.45 |
| ५ | प्रशासनिक एवं कार्यालय सञ्चालन | 107748 | 82378 | 76.45 |
| | जम्मा | 455150 | 376219 | 82.65 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँपालिकाले सामाजिक विकासमा करीब कुल बजेटको ५०.८५ प्रतिशत बजेट विनियोजन गरेको सबैभन्दा कम शुसासन तर्फ २.२१ प्रतिशत विनियोजन भएको देखिन्छ । स्थानीय तहको पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखेर आर्थिक विकास र समृद्धि प्राप्तीको लागी पूर्वाधार विकासतर्फ बजेट तथा कार्यक्रममा उच्च प्राथमिक राखु पर्ने देखिन्छ । | |
| ११ | | | **झोलुङ्गेपुल कार्यक्रमः**<br>भौ.नं.८२, २०७९।३।२४, झोलुङ्गेपुल कार्यक्रम अन्तर्गत यस वर्ष कोला खोला को झोलुङ्गे पुल निर्माणको लागी लठ्ठा वाहेकका Febricating का सामानहरु खरीद जडान गर्ने कार्यक्रमको लागत अनुमान रु.१४७९३८०।– स्वीकृत भई सी.जि.इन्जिनियरिङ्ग ई.प्रा.ली. (Pan No.606556517) वुटवल सँग रु.१५७१८३०।– (Vat समेत) मा २०७९।३।२ मा समझौता भएको देखियो । उक्त आपूर्तकले Specification मा उल्लेखीत सामानहरु सम्बन्धीत झो.पु. उपभोक्ता समितीलाई बुझाएको भनी २०७९।३।६ गते विजक नं.२३ बाट रु.१६६८८२६।– भुक्तानी मागी सोही आधारमा बजेट खर्च लेखेको देखियो । यति छोटो समयमा करीब २९ किसीमका Febricating सामान कसरी delivery गर्न सम्भव होला भनी प्राविधिकलाई मौखिक सोधबुझ गर्दा सामान आउने क्रममा रहेको वर्षान्त भएकोले विल मगाई खर्च लेखिसकेको जानकारी दिएका छन् अत सम्झौतामा उल्लेख भए बमोजिमका सामानहरु Specification बमोजिम प्राप्त भए नभएको प्रमाण सहित सम्बन्धीत उपभोक्ता समितीलाई निर्माण स्थलमा उपलब्ध गराएको र निर्माण कार्य सम्पन्न भएको प्रमाण उपलब्ध हुनु पर्ने अन्यथा आपूर्ती गर्न नसकिने समय अवधिमा सम्झौता गरी भुक्तानी दिएको रकम संञ्चीत कोष फिर्ता हुनुपर्ने रु | १,६६८,८२६ |
| १२ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमः** | |
| १२.१ | | | सबै स्थानीय तहहरुमा न्यूनतम १०-१५ वेड क्षमताका अस्पताल भवन निर्माण गर्न नेपाल सरकार, स्वास्थय तथा जनसंख्या मन्त्रालको कार्यक्रम अनुसार यस वर्ष २ करोड ९० लाख बजेट विनियोजन भई पालिकाले १५ शैयाको अस्पताल भवन निर्माणको लागी निर्माण व्यवसायी सि.एम प्रशंसा जे.भी.(पान नं.615995777) सँग १६करोड ८५ लाख ४२ हजारको लगत स्टीमेट गाउँपालिका अध्यक्षबाट ठेक्का सम्झौता भएपछि २०७८।३।२१ मा ढिला गरि स्वीकृत भएको देखियो । उक्त निर्माण कार्यको निर्माण व्यवसायी सँग २०७८।३।१६ मा रु.१६८५४२०८२१।– (Vat Ps) मा सम्झौता भएको छ । निर्माण व्यवसायीले यस वर्ष प्रथम रनिङ्ग विलबाट रु.८४९७६४२।– भुक्तानी लिएको श्रेस्ता परीक्षण बाट देखिएका थप व्यहोरा निम्नानुसार छन् | |
| १२.२ | | | निर्माण व्यवसायीले पेश गरेको स्वीकृत कार्यतालिका अनुसार निर्माण कर्य हुन नसकेको, करीब निर्माणको कार्य गर्ने समय सकिए पश्चात वर्षको अन्त्यमा प्रथम रनिङ्ग विल पेश गरी Chanage 0+000 देखि 0+200 को क्षेत्रफलमा २६०५७.५० घ.मी.माटो cutting एवं Ps Item विमा वापतको | ७५६,०९७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकम भुक्तानी लएकोमा विमाको Tax invoice वेगर रु.७५६०९७।– खर्च लेखेकोले उक्त विमाको रसिद संलग्न गर्नु पर्ने अन्यथा विजक वेगरको रकम हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>पूर्व निर्धारीत क्षतिपूर्ति :- खरीद सम्झौतामा निर्माण व्यवसायीको ढिलाईको कारण सम्झौता बमोजिमको काम सो सम्झौतामा उल्लेखित समय सीमा भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको 10 प्रतिशतमा नबढने गरी साधारणतया प्रति दिन 0.05% का दरले पूर्व निर्धारीत क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ । 200 कार्यदिन भित्र निर्माण सम्पन्न गर्ने गरी 2078/3/21 मा भएको सम्झौता 2078/10/10 मा समाप्त भएको, सो अवधि सम्म ठेकेदारले भवन संरचना निर्माणको कार्य प्रारम्भ नै नगरेको माटो कटिङ्ग, साईट Clarance जस्ता निर्माणका प्रारम्भिक चरणको कार्यमात्र गरेको अवस्थामा सम्झौताको 35.2 अनुसार ठेक्का म्याद सकिनु 21 दिन अगाडी म्याद थपको लागी निवेदन दिनुपर्नेमा सो समेत नदिई प्रथम रनिङ्ग विल भुक्तानी गरेको देखियो । ठेकेदारको लार्पवाहीका कारण अस्पताल भवनको प्रगती हुन नसकेकोले सम्झौता GCC 45.7 अनुसार सम्झौता रकम रु.149152285।– (Vat/Ps वाहेक) को 10 प्रतिशतले हुने रु.14915228।– ठेकेदार सँग असूल गरेर मात्र ठेक्काको म्याद थप गर्नु पर्ने रु.</td><td>१४,९१५,२२८</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>भेरिएशन आदेश वेगर वढि भुक्तानीः<br>भौ.नं.६, 2079/3/20, पाटसैन वगर खेत सचाई कुलो निर्माण उपभोक्ता समिती सँग स्वीकृत ल.ई. रु.2854116।– अनुसार कार्यालयबाट रु.2500000।– श्रमदान 454116।– व्यहोर्ने गरि निर्माण सम्झौता भएकोमा उपभोक्ता समितीको रु.2378295।– विल भुक्तानी हुँदा उपभोक्ता समितीको विलमा स्वीकृत BOQ items मा थप घट गरेर भेरीएशन स्वीकृत नगरी कूल लागत भीत्रको थप कार्य गराई रकम भुक्तानी भएकोले भेरीएशन वेगर उपभोक्तालाई दिएको रकम समितीबाट असूल हुनु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>कार्य विवरण</th><th>सम्झौता अनुसारको परीमाण (केजी)</th><th>विल नुसारको पीमाण</th><th>घटी परीमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>Steel reinforcemt(16% of RCC Work)</td><td>7391.56</td><td>1400</td><td>5991.56</td><td>156.55</td><td>937979/-</td></tr>
<tr><td>२</td><td>Gabin complete(25 pc)</td><td>25 pc</td><td>10</td><td>15pc</td><td>9128.38</td><td>136925/-</td></tr>
<tr><td colspan="6">Total</td><td>1074904/-</td></tr>
</table></td><td>१,०७४,९०४</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>संघिय सरकार हस्तान्तरीत (पूजिगत)ः</td><td>१५,०००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नमुना विद्यालय शैक्षिक सुधार गुरुयोजना अन्तर्गत खत्याडी मा.वि.को भवन निर्माणको लागी १ करोड ५० लाख बजेट विनियोजन भई निर्माणका लागी भवनको लगत अनुमान रु.१४४२६३२८।–स्वीकृत गरेर विद्यालय व्यवस्थापन समितीसंग २०७८।३।१९ मा सम्झौता भएको छ । उक्त विद्यालयले भवन निर्माण सम्पन्न गर्नुपर्ने म्याद २०७९।३।२५ गते सम्म रहेकोमा भवन निर्माणको प्रगती हुन सकेको देखिएन । हालसम्म भवनको कार्य प्रगती नदेखिएको, उपभोक्ता समिती सँग म्याद थप समेत नभएको कारण शुरुमा सम्झौता गर्दाको वखत सम्झौता अनुसार ३३ प्रतिशत पेश्की दिन सकिनेमा सम्झौता रकम १२२२५७०१।–को ३३ प्रतिशतले रु.४०३४४८१।–मात्र पेश्की दिनुपर्नेमा रु.६००००००।–उपलब्ध गराएको छ । सार्वजनिक खरीद ऐन २०६३ दफा ५२(क) अनुसार दोश्रो पटक पेश्की दिदाँ पहिलो पटकमा स्वीकृत भएको पेश्की रकममा नबढने गरी कार्य प्रगतीको आधारमा थप पेश्की दिन सकिने व्यवस्था रहेकोमा कार्य नै नभईकन दोश्रो पटक वर्षान्तमा ९००००००।–थप पेश्की दिएको देखियो । यसरी उपलब्ध गराईएको रु.१५००००००।–को भवन निर्माणको कार्य नभएकोले तुरुन्त उपभोक्ता समितीसँग आवश्यक छलफल परामर्श गरी यथासक्य छिटो निर्माण प्रकृयाहरु सुचारु गरेर कार्य सम्पन्न गरेर कार्य स्वीकर प्रतिवेदन समेतका खर्चका विल भरपाई पेश गर्न लगाई कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br>स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्यामुक्त गराउन एवं सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जिवनमापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालीत छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशीका 2075 दफा २(१) बमोजिम पालिकाले वेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचिमा समावेश जनशक्तिलाई कार्यक्रममा संलग्न गराई रोजगारी दिने व्यवस्था रहेको तर रोजगार बैंकमा बेरोजगारको तथ्याङ्क अद्यावधिक नरहेको देखियो । लक्षीत वर्गलाई 32 दिन देखि 53 दिन सम्मको रोजगारी सुनिश्चत गर्ने उक्त कार्यक्रममा स्थानीय तह भित्र सडक धोडेटो बाटो, नाला निर्माण, सडक मर्मत, स्तरोउन्नती जस्ता विभिन्न 10 कार्यक्रम संञ्चालन गरी 128 जनालाई 9674 दिन रोजगारी उपलब्ध भई श्रमिक ज्याला, प्रशासनीक खर्च र कार्यक्रम खर्चमा समेत खर्च लेखेको देखियो । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना सृजना भएको देखिदैन ।
<table>
<tr><th>सि.नं.</th><th>कामको विवरण</th><th>संख्या</th><th>रोजगारी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>विभिन्न वडागत घोडेटो बाटो मर्मत</td><td>7</td><td>98</td><td>3830693।-</td></tr>
<tr><td>२</td><td>सडक मर्मत स्तोरोउन्नती</td><td>3</td><td>30</td><td>1695386।-</td></tr>
